का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ कात्तिक २०७९,
मंगलबार
18 October 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २४७ । पृष्ठ १२

Madhyanha National Daily

www.madhyanhadaily.com



खुलेको आकाश: मौसम खुलेसँगै काठमाडौंबाट देखिएको मनोरम हिमशृङ्खला र राजधानी उपत्यकाको धरहरा । तस्वीर: रोशन सापकोटा, रासस

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।

हाम्रा साँस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सत्तागठबन्धनको यात्रामा आयोगको तगारो

कार्तिक १७ गतेअघि आमसभा गरे उम्मेद्वारी नै खारेज हुने निर्वाचन आयोगको निर्णयसँगै देशब्यापी भेला (आमसभा) गर्ने सत्तागठबन्धनको निर्णय प्रभावित हुने भएको छ ।



आयोगले तोकेको मितिअघि कोणसभा तथा आमसभा गरिए आचारसंहिताको उल्लंघन हुनेछ । त्यस्ता उम्मेदवाहरूको मनोनयन खारेज गर्ने कठोर निर्णय आयोगले लिनेछ ।

**रामप्रसाद भण्डारी**
**आयुक्त, निर्वाचन आयोग**

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३१ असोज ।

सत्तागठबन्धनले आगामी मंसिरमा हुने प्रदेशसभा र प्रतिनिभिसभा निर्वाचनका लागि देशभरि नै आमसभाको तयारी गरेको छ । तर निर्वाचन आयोगको निर्णयले तय भएको भेला प्रभावित हुने भएको छ । आयोगले कार्तिक १७ गतेअघि आमसभा गरे उम्मेद्वारी नै खारेज हुने निर्णय गरेसँगै सत्तागठबन्धनको भेला प्रभावित हुने भएको हो ।

'आयोगले तोकेको मितिअघि कोणसभा तथा आमसभा गरिए आचारसंहिताको उल्लंघन हुनेछ । त्यस्ता उम्मेदवाहरूको मनोनयन खारेज गर्ने कठोर निर्णय आयोगले लिनेछ,' निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले भने ।

उनले आचारसंहिता पालनाको सवालमा आयोग कठोर भएरै जाने समेत बताएका छन् । तर, कार्तिक १८ गतेबाट भने तोकिएका स्थानमा कोणसभा, आमसभा, गोष्ठी, सेमिनारलगायतका चुनावी गतिविधि सञ्चालन गर्न सकिने आयोगले जनाएको छ ।

त्यस्तै, आयोगले घरदैलोमा जाँदा बाजागाजा, भोजभतेर र अनावश्यक होहल्ला गर्न नपाईने जनाएको छ । उम्मेदवारहरूबाट आचारसंहिता उल्लंघनका दर्जनौं उजुरी परेको भन्दै त्यस्ता उजुरीमाथि सुक्ष्म अध्ययन गरिरहेको र दोषी पाइएमा कारवाहीको दायरामा ल्याएरै छाड्ने आयोगको दाबी छ । तर, सत्तागठबन्धनले कात्तिक



काठमाडौं -२ स्थित काँडाघारीमा सत्तागठबन्धनका दलहरुले आइतबार संयुक्त कार्यक्रममा सहभागी शीर्ष नेताहरु ।

४ गते ११ बजे पोखरामा र सोही दिन २ बजे बुटवलमा आमसभा राखेको थियो । कार्तिक ५ गते ११ बजे विराटनगरमा र सोही दिने २ बजे जनकपुरमा भेला तय गरेको थियो । कात्तिक ६ गते ११ बजे धनगढी र सोही दिन २ बजे सुर्खेतमा आमसभा गर्ने तयारी गरेको थियो । त्यस्तै, कार्त्तिक ७ गते ११ बजे काठमाडौँमा भेला गरी आगामी कार्यक्रम घोषणा गर्ने गठबन्धनको तयारी थियो । तर, आयोगको निर्णयसँगै गठबन्धनको भेला प्रभावित हुने देखिएको छ । त्यस्तै, नेकपा एमाले, जसपा, राप्रपा र अन्य स्वतन्त्र दलहरुले पनि चुनावी आमसभा गर्ने तयारी गरेका थिए । तर, आयोगको निर्णयसँगै सबै दलहरु कार्त्तिक १७ सम्म आामसभा नगरी बस्न बाध्य हुने भएका छन् ।

आचारसंहिता उल्लंघन गर्नेलाई कारबाही गर्न पनि आयोगको निर्देशन छ । गृह मन्त्रालयमा देशभरका प्रमुख जिल्ला अधिकारीहरूसँग सोमबार भएको भर्चुअल बैठकमा निर्वाचन आयोगका आयुक्त रामप्रसाद भण्डारीले आचारसंहिता उल्लंघन गर्नेलाई तत्काल कारबाही गर्न प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिएका हुन् । केन्द्रीय निर्वाचन आचारसंहिता अनुगमन समितिका संयोजकसमेत रहेका आयुक्त भण्डारीले आचारसंहिता उल्लंघनको प्रमाण भेटिए तत्काल नियन्त्रणमा लिन कञ्जुस्याइँ नगर्न आग्रह गरे ।

उनले मुख्य निर्वाचन अधिकृत व्यस्त भएको अवस्थामा उनको क्षेत्राधिकार प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्न सक्ने भन्दै आचारसंहिता तर्जुमा गर्दा प्रमुख – बाँकी पृष्ठ २ मा

# राजु गुरुङको उम्मेदवारी कायम

रुपन्देही २ मा प्रतिनिधिसभा सदस्यमा गुरुङका प्रतिस्पर्धी नेकपा एमालेका विष्णु पौडेल उम्मेदवार छन् ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३१ असोज ।

पाँच दलीय सत्ता गठबन्धनको तर्फबाट रुपन्देही-२ का साझा उम्मेदवार राजु गुरुङको उम्मेदवारी कायम भएको छ ।

सर्वोच्च अदालतको अल्पकालीन अन्तरिम आदेशपछि रुपन्देही क्षेत्र नम्बर २ स्थित निर्वाचन अधिकृतको कार्यालयले गठबन्धनका तर्फबाट उम्मेदवारी दिएका नेकपा एकिकृत समाजवादीका गुरुङको उम्मेदवारी यथास्थितिमा राखेको हो ।

निर्वाचन आयोगले सोमबार विज्ञप्ति निकालेर गुरुङको उम्मेदवारी दर्ता भएको अवस्थामा कायम रहने गरी यथास्थितिमा राखेको जनाएको छ । उम्मेदवारी खारेजीबारे निर्वाचन कार्यालयको निर्णय कार्यान्वियन नगर्न सर्वोच्चले अल्पकालीन आदेश दिएकाले उनको उम्मेदवारी यथास्थितिमा राखेको जनाइएको छ ।

निर्वाचन अधिकृतको कार्यालय निर्वाचन क्षेत्र नं २ का निर्वाचन अधिकृत उदवीर नेपालीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'असोज २५ गते यस कार्यालयबाट गरिएको निर्णय कायाएन्वयन नगर्नु नगराउनु भन्ने अदालतको अल्पकालीन आदेश आएकाले राजु गुरुङको उमेदवारी खारेज गर्ने यस कार्यालयको निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राखिएको छ ।,'

निर्वाचन अधिकृत नेपालीले सर्वोच्चले खारेजको निर्णय कार्यान्वयन नगर्नु भनेका कारण असोज २३ कै अवस्थामा राखिएको तर अन्य कुनै प्रक्रिया नगरिएको पनि बताए ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय रुपन्देहीले नेकपा एकीकृत समाजवादीबाट उम्मेदवार भएका गुरुङ चेक बाउन्स प्रकरणमा कालोसूचीमा नाम रहेको भन्दै उम्मेदवारी बदर गरेको थियो । गुरुङले उम्मेदवारी खारेज विरुद्ध सर्वोच्च अदालतमा उत्प्रेषण समेतको रिट निवेदन दर्ता गरेका थिए । न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको एकल इजलासले आइतबार उनको उम्मेदवारी खारेज गर्ने निर्णय – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## भैरहवाबाट उडान कटाउने जजिरा एयरको तयारी

# श्रम मन्त्रालयलगायतको सहयोग नपाएको गुनासो

**भैरहवा/रासस-** जजिरा एयरवेजले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामाबाट दैनिक भर्दै आएको एक मात्र उडान पनि रोकेको छ । प्रयाप्त यात्रु नभएको बताउँदै जजिराले दैनिक हुँदै आएको उडानलाई सातामा तीन पटक गर्ने जानकारी दिएको छ । जजिरा एयरवेजले असोजको २६, २७ र २८ गते हुनुपर्ने उडान रोकेपछि सो हवाईजहाज हुँदै वैदेशिक रोजगारीमा जाने यात्रुसहित अन्य यात्रुसमेत प्रभावित भएका थिए ।




यात्रुहरु गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमै रातभरी बसेर विमान कुरे पनि जजिराले उडान गरेन । तीन दिनसम्म जम्मा भएका यात्रुहरुमध्ये केही पर्यटक मात्र बोकेर शनिबार जजिराले एउटा उडान भरेको गौतमबुद्ध विमानस्थलका महाप्रबन्धक गोविन्दप्रसाद दाहालले जानकारी दिए ।

दाहालले जजिरा एयरवेजको आधिकारिक प्रतिनिधिले जहाजको लिज सकिएको र नयाँ जहाज खरिद गर्ने प्रक्रियामा रहेको कारण नियमित उडान प्रभावित हुने जानकारी गराएको बताए । उनले अक्टुबर महिनामा जजिराले नियमति उडान गर्न नसक्ने बताउँदै अक्टोबर पछि उडान नियमित हुने आश्वासन पाएको बताए ।

'जजिराले आफ्ना नयाँ जहाज लिन केही समय लाग्ने भन्दै केही समय उडान रोक्ने बताएको थियो । उडान नै रोक्दा यात्रुलाई समस्या हुने भएकाले दैनिक रुपमा उडान गर्न नसके पनि एक दिन – बाँकी पृष्ठ २ मा

# चुनावको चुनौती, सामाजिक सञ्जाल



सामाजिक सञ्जालमा गलत सूचना र झुटो विवरण पनि आउने भएकाले त्यसतर्फ सचेत रहनु पर्ने हुन्छ ।

**दिनेश थपलिया**
प्रमुख निर्वाचन आयुक्त

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ असोज ।

चुनावको चुनीतीका रुपमा सामाजिक सञ्जाल देखा परेको छ । यही महसुस गरेर निर्वाचन आयोगले ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका क्रममा गलत सूचना र द्वेषपूर्ण अभिव्यक्तिलाई निरुत्साहित गर्न सामाजिक सञ्जाल फेसबुकसँग सहकार्य गर्ने भएएको छ ।

आयोगका अधिकारीहरुका अनुसार फेसबुकको दक्षिण एसिया हेर्ने व्यूरोको अधिकारीहरुसँग छलफल भएको छ । फेसबुकको दक्षिण एसिया कार्यालयको नीतिगत मामिला हेर्ने प्रमुख सहितको टोली नेपाल आएको थियो । उनीहरुले निर्वाचन आयोगका पदाधिकारी र सूचना/प्रविधि हेर्ने विज्ञ टोलीसँग छलफल गरेको हो ।

त्यसक्रममा फेसबुकले राजनीतिक दलका प्रतिनिधिहरुलाई निर्वाचन सामग्रीको प्रचारप्रसार तथा मिथ्या सूचना नियन्त्रणबारे भर्चुअल कार्यशाला आयोजना समेत गरेको आयोगका अधिकारीहरुले बताएका छन् ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाका अनुसार फेसबुकसँग तीनवटा – बाँकी पृष्ठ २ मा

## ७० प्रतिशत मत खस्ने विश्वास

प्रमुख निर्वाचन आयुक्त थपलिया आगामी चुनावमा ७० प्रतिशत भन्दा बढी अर्थात १ करोड ३२ लाख मत खस्ने अपेक्षा गरिएको बताउँछन् । बदर मत १ प्रतिशतभन्दा कम गराउन प्रयास गर्ने पनि उनको भनाइ छ ।

अहिले कुनै पनि दल निर्वाचन अवरोध गर्ने पक्षमा नरहेकाले यो सुखद कुरा रहेको उनको भनाइ छ । निर्वाचनमा पैसा पराजित भएर विचार विजयी हुनु पर्ने उनले बताए ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१ कात्तिक २०७९, मंगलबार
18 October 2022, Tuesday

# डेंगुबाट मृत्यु हुनेको संख्या ४८ पुग्यो

**काठमाडौं/मस–** हालसम्म डेंगुबाट ४८ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । गत साउनदेखि हालसम्म ४० हजार २९ जना डेंगु सङ्क्रमित भएका छन् । मन्त्रालयका अनुसार ७७ जिल्लामा डेंगु फैलिएको छ ।

४६ जनामा कोरोना सङ्क्रमण

पछिल्लो २४ घण्टामा ४६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । दुई हजार दुई सय ८७ नमूना परीक्षण गर्दा सो संख्यामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

कोरोना सङ्क्रमितको कुल संख्या १० लाख एक सय ९१ पुगेको छ । सोमबार १७ जना कोरोना सङ्क्रमणमुक्त भएको मन्त्रालयको तथ्याङ्क छ । अहिलेसम्म नौ लाख ८७ हजार चार सय ६१ जना सङ्क्रमण मुक्त भएका छन् । सक्रिय सङ्क्रमितको संख्या सात सय ११ छ । हालसम्म कोरोना सङ्क्रमणबाट १२ हजार १८



जनाले ज्यान गुमाएका छन् ।

सोमबार २३ हजार नौ सय ७२ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । हालसम्म दुई करोड ३२ लाख आठ हजार चार सय ८३ जनाले खोपको पहिलो मात्रा, दुई करोड २३ लाख २४ हजार नौ सय ३३ जनाले पूर्ण मात्रा र ७९ लाख ७२ हजार सात सय ९१ जनाले खोपको अतिरिक्त मात्रा लगाएका छन् ।

# वडा कार्यालय सार्न लागेको भन्दै तालाबन्दी

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ३१ असोज

रौतहटको बृन्दावन नगरपालिका वडा नम्बर ८ को वडा कार्यालयमा तालाबन्दी गरिएको छ । वडा अध्यक्ष रवीन्द्र प्रसाद साहले वडा कार्यालय सार्न खोजेको भन्दै तालाबन्दी गरिएको हो । वडा अध्यक्ष साहले नगर प्रमुख बिनोद प्रसाद कुर्मीको ईसारामा बरगजवा टोलमा रहेको वडा कार्यालय बहुअरी गाउँमा सार्न खोजेको भन्दै स्थानीयहरूले तालाबन्दी गरेका हुन् । साथै उनीहरुले टायर बालेर विरोध प्रदर्शनसमेत गरेका थिए ।

स्थानीय अशोक कुशवाहाको नेतृत्वमा गएको टोलीले वडा



अध्यक्ष रवीन्द्र प्रसाद साह मुर्दावाद, वडा कार्यालय सार्न पाँइदैन, गरिवको जागिर खोस्न पाइँदैन लगायतका नारा लगाएका थिए ।

बृन्दावन नगरपालिकाको वडा नम्बर ८ मा बरगजवा, आकडपाथड र बहुअरी टोल पर्दछ । तिनवटै टोलको बीचको पायक पर्ने ठाउँ बरगजवा हो ।

स्थानीयका अनुसार विगत ११ वर्षदेखि बरगजवा टोलका संजय प्रसाद कुश्वाहाले सहायक सचिवको रुपमा काम गर्दै आइरहेको र हाल नगरपालिकामा नेकपा एकीकृत समाजवादीको स्थानीय सरकार भएपछि कुश्वाहालाई हटाएर आफ्नो आसेपासेलाई राख्न खोज्दा उनीहरुको आरोप छ ।

वडा अध्यक्ष साहले मेयर कुर्मीको इसारामा षड्यन्त्रपूर्वक सबै कागजपत्र लैजान खोजेको भन्दै स्थानीयले वडा कार्यालयमा तालाबन्दी गरेका हुन् । अहिले सहायक सचिव एउटै पदमा बिना नियुक्ति संजय प्रसाद कुश्वाहा, रन्धिर यादव र श्यामबाबु साह लगायत तीन जना काम गरिरहेको छन् । तर तीनै जनामध्ये सबभन्दा परिपक्क र अनुभवी संजय कुश्वाहा रहेकोले स्थानीयहरुले बाँकी दुबै जनालाई हटाएर कुश्वावालाईनै कामकाज गर्न दिन माग राख्दै तालाबन्दी गरेको हो । आफूहरूको मागको सुनवाइ नगरे कडा रूपमा प्रतिवाद गर्ने स्थानीयहरूले चेतावनी दिएका छन् ।

# रवी लामिछानेको पार्टीसँग आयोगले सोध्यो स्पष्टीकरण

**काठमाडौं/मस–** निर्वाचन आयोगले मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनका लागि जारी आचारसंहिताको उल्लङ्घनका विषयमा स्पष्टीकरणको शृङ्खलालाई निरन्तरता दिएको छ । आयोगले मनोनयनपत्र दर्ता गराएका राष्ट्रिय स्वतत्र पार्टीका प्रतिनिधिसभा सदस्यका काठमाडौं क्षेत्र नं ६ का उम्मेदवार शिशिर खनालले आफूलाई घन्टी निर्वाचन चिन्हबाट स्वतन्त्र उम्मेदवार भनी सामाजिक सञ्जालमार्फत प्रचार-प्रसार गरेको विषयमा २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न पत्राचार गरेको छ ।

उक्त घन्टी निर्वाचन चिन्ह राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार खनालले आफ्नो दलीय आबद्धता स्पष्ट नगरी आफू स्वतन्त्र उम्मेदवार रहेको भनी प्रचार-प्रसार गरेको कार्यबाट निर्वाचनको स्वच्छता र निष्पक्षतालाई प्रभावित गर्ने र आम मतदाता समेतलाई भ्रमित गर्ने गरी कार्यबाट जानाजान प्रचलित निर्वाचन कानुनको उल्लङ्घनसमेत भएको पाइएकाले स्पष्टीकरण सोधिएको हो ।

आयोगले खनाललाई 'आफ्नो दलीय आबद्धतालाई स्पष्ट नगरी आफू स्वतन्त्र उम्मेदवार रहेको तथा आफ्नो निर्वाचन चिन्ह घन्टी स्वतन्त्र अभियानको रहेको भनी प्रचार-प्रसार गर्ने कार्यले निर्वाचन आचारसंहिताको उल्लङ्घन हुँदैन भन्ने आधार कारण के छ ? तपाईंको दल राष्ट्रिय स्वतन्त्र पार्टीको उम्मेदवार भई गोलाकारभित्र घन्टी निर्वाचन चिन्हअन्तर्गत निर्वाचन लड्नुभएको हुँदा तपाईंले आफू स्वतन्त्र उम्मेदवार भनी प्रचार-प्रसार गरेको कार्यले तपाईं दलको उम्मेदवार हो वा स्वतन्त्र उम्मेदवार हो भन्नेबारेमा ठाडो भ्रम सिर्जना गरेको देखिएकाले तपाईंले स्वतन्त्र उम्मेदवारको आवरण प्रयोग गरी निर्वाचनको सम्मुखमा झुठपूर्ण तथा भ्रमपूर्ण कार्य गरेको होइन भनी पुष्ट्याइँ गर्ने आधार/कारण के छ ? तपाईंबाट उक्त कार्य भएको अवस्थामा निर्वाचन आचारसंहिताको उल्लघङ्न हुने भएकाले तपाईंलाई निर्वाचन आचारसंहिताको उल्लङ्घनमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिम जरिबाना किन गर्नु नपर्ने हो ? पत्र प्राप्त भएको २४ घण्टाभित्र निर्वाचन आयोग नेपालमा उपस्थित भई वा आफ्नो प्रतिनिधिमार्फत स्पष्टीकरण पेस गर्नुहोला', भनी स्पष्टीकरण सोधेको छ । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ९ को उपदफा (४) बमोजिम दर्ता भएको दलको नाम, झण्डा र चिन्ह अरु कसैले प्रयोग गर्न नपाउने गरी संरक्षण गरिने व्यवस्था रहेको छ ।

# सामाजिक अभियन्ता कार्कीको उपचारमा आर्थिक अभाव

**काठमाडौं/मस–** सामाजिक अभियन्ता तिलबहादुर कार्की यतिबेला अस्पतालको बेडमा छटपटाइ रहेका छन् । आन्द्रामा घाउ भएपछि उपचारको लागि उनी ओम अस्पतालको बेड नं. १४ मा भर्ना भएका छन् । सामाजिक सेवामा सक्रिय रहँदै देश विदेशमा ख्याती कमाएका कार्की शारीरिक रुपमा अशक्त छन् । उनी काठमाडौं गोकर्णस्थित संयुक्त एकता अपांग आवाज केन्द्र (बाल गृह) का संस्थापक अध्यक्षसमेत हुन् ।

उक्त बाल केन्द्रमा हाल ५० जना अथान बालबालिका रहेका छन् । उनी बिरामी भएपछि समस्या भएको छ ।

उनको उपचारका लागि ४/५ लाख रुपैयाँ लाग्ने अस्पतालले जनाएको छ । तर उनको उचारका लागि हाल रकम अभाव भएको छ ।

उनले उपचारका लागि सहयोग



गरिदिन समेत आग्रह गरेका छन् । उपचारमा सहयोग गर्न चाहनेले उनको एभरेष्ट बैंकको खाता नम्बर ०१८००५०१२१८८४१ मा सहयोग गर्न सकिनेछ । यस्तै मोबाइल नम्बर ९८५१०८७०४९ मा पनि सम्पर्क गरेर सहयोग सकिने बताइएको छ ।

## सत्तागठबन्धनको....

जिल्ला अधिकारीहरूको भूमिकालाई स्पष्ट रुपमा उल्लेख गरिएको बताए । प्रमुख जिल्ला अधिकारीज्यूहरूको टड्कारो भूमिका नदेखिँदा आचारसंहिता उल्लंघनलाई नियन्त्रण गर्न अलि कठिनाइ भएको आयोगले महसुस गरेको छ', उनले भने, 'यदि मुख्य निर्वाचन अधिकृत व्यस्त भएको अवस्थामा पनि सहसंयोजक तपाईं प्रमुख जिल्ला अधिकारीज्यूहरू भएको नाताले त्यो क्षेत्राधिकार सम्पूर्ण प्रयोग गरेर त्यसलाई तत्काल नियन्त्रण गर्न प्रमुख जिल्ला अधिकारीज्यूहरू सक्षम हुनुहुन्छ भन्ने आयोगले विश्वास र ठहर गरेको छ ।'

घरदैलो कार्यक्रममा दलहरुले आचारसंहिता उल्लंघन गरेको उजुरीहरू आएकोतर्फ गम्भीर ध्यानाकर्षण गराउँदै त्यसलाई तत्काल नियन्त्रण गर्न आयोगको निर्देशन छ । आचारसंहिता पालना गराउने सम्बन्धमा कानुनमा अस्पष्ट भए निर्वाचन आयोगमा लेखेर पठाउन सबै पक्षलाई निर्वाचन आयोगको अनुरोध छ ।

## राजु....

कार्यान्वयन नगर्न अल्पकालीन आदेश दिएको थियो । सवोच्चले यस विषयमा छलफल गर्न दुबै पक्षलाई कात्तिक २ गते बोलाएको छ ।

रुपन्देही-२ मा नेकपा एमालेका तर्फबाट विष्णु पौडेल प्रतिनिधिसभा सदस्यका उम्मेदवार छन् ।

## चुनावको ....

विषयमा सहकार्य हुनेछ । 'निष्पक्ष र सन्तुलित रुपमा निर्वाचन गर्न सामाजिक सञ्जालमा हुनसक्ने बाधा व्यवधान र तिनलाई हटाउने उपायबारे छलफल भएको हो', थपलियाले भने । उनले फेसबुकसँगको सहकार्यले झुटा विवरण प्रचारप्रसार र अफवाह नियन्त्रणमा सघाउ पुग्ने अपेक्षा गरिएको बताए ।

आयोगले निर्वाचनसम्बन्धी जनचेतनामूलक र प्रवर्द्धनात्मक सामग्रीलाई प्रचारप्रसार गर्न पनि समझदारी भएको बताएको छ । त्यसैगरी मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिलाई निरुत्साहित गर्न पनि फेसबुकका प्रतिनिधिहरु सकारात्मक भएको आयोगका अधिकारीहरु बताउँछन् ।

निर्वाचनका क्रममा उम्मेदवार र तिनका शुभचिन्तकहरुले गर्ने खर्च, सामाजिक सञ्जालको पोष्ट शेयर गर्दा हुने खर्चका बारेमा समेत फेसबुक माउ संस्था मेटाले आवश्यक सूचना उपलब्ध गराउने प्रतिवद्धता जनाएको आयोगका अधिकारीको भनाइ छ ।

आयोगले यसअघि नै टिकटकको टोलीसँग निर्वाचन शिक्षाको प्रचारप्रसार तथा गलत सूचना नियन्त्रणका विषयमा छलफल गरेको थियो । त्यसैगरी ट्विटरको टोलीसँग समेत छलफल भएको आयोगले जनाएको छ ।

प्रमुख निर्वाचन आयुक्त थपलिया सामाजिक सञ्जालको प्रयोग चुनावका लागि ठूलो चुनौती भइरहेको स्वीकार गर्छन् । सामाजिक सञ्जालमा गलत सूचना र झुटो विवरण पनि आउने भएकाले त्यसतर्फ सचेत रहनु पर्ने भन्दै उनी थप्छन्, 'सबै उम्मेदवारलाई समान अवसर दिन सञ्चार माध्यमहरुलाई पनि आग्रह छ ।' राजनीतिक दलहरु र उम्मेदवार माथि प्रेसले प्रश्न गरिरहनु पर्ने भन्दै उनले सञ्चार माध्यमले स्वनियमन गर्न थाले धेरै समस्या हल हुने बताए ।

## भैरहवाबाट....

बिराएर उडान गर्ने हिजो सहमति भएको छ,' दाहालले भने, 'तीन दिनसम्म उडान नहुँदा यात्रु रोकिएका थिए । शनिबार जजिराले उडान गरे पछि केही समस्या हल भएको छ ।'

विमाननस्थलका प्रमुखले नयाँ जहाजको समस्या बताइरहँदा जजिरा एयरवेजका कन्ट्री म्यानेजर अमित नागरथले भने यात्रु नपाएको कारण उडान कम गर्नु परेको दाबी गरे । 'पहिला सातामा तीन वटा उडान गरिरहेका थियौँ, राम्रै यात्रु पायौं,' नागरथले भने, 'अहिले यात्रु संख्या साह्रै घटेकाले उडान घटाएका हौँ । अब पहिले झैँ सातामा तीन उडान गर्नेछौं ।'

नागरथले भैरहवास्थित गौतमबुद्ध अर्न्तराष्ट्रिय विमानस्थलमा माग नै नरहेको वताए । 'मागअनुसार नै आपूर्ति गर्ने हो । खाली विमान कहिलेसम्म उडाउने ?,' उनले भने, 'हामी भनेको व्यापार गर्न आएका हौँ, आफ्नो खर्च पनि नउठ्ने ठाउँमा विमान चलाउदैनौं ।'

जजिराको उडान प्रभावित हुनुमा यहाँका सरकारी निकायहरुको पनि उत्तिकै दोष रहेको छ । तत्कालीन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठले चर्चाकै लागि भैरहवामा स्थापना गरेको श्रम कार्यालयले अहिलेसम्म काम गरेको छैन ।

गौतमबुद्ध विमानस्थलका प्रमुख गोविन्दप्रसाद दाहालले यात्रुहरु अहिले पनि श्रम, रोजगार, मेडिकललगायत कारण काठमाडौं मै जानु परेको समस्याका कारण पनि विमानस्थल सञ्चालनमा कठिनाइ आएको बताए ।

**बीमालेख हराएको सूचना**

गल्छी देखि गल्छी बजार जाने क्रममा मेरो निम्न व्यहोराको **नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड**को बीमालेख हराएको हुँदा पाउनुहुने हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः- सबिन लामिछाने
पोलिसी नं.:- १०९००४४८३
मोवाइल :- ९८४१७६३९६४

**मलेसियामा रोजगारको अवसर |** कम्पनी : GULA CAKERY SDN BHD
शहर: Malaysia, SHAH ALAM
पूर्व स्वीकृत मितिः २०७९/०६/३० चलानी नं.: ६०१८९५८६ LT. No.: 273879

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 16 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक ८ गते (25 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Y. K. Manpower Agency Pvt. Ltd.**
Govt. Lic. No. 1439/074/075
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu
Tel.: +977 14499181, +977 14497116, +977 9801234993, +977 9801234995,
E-mail: ykmanpoweragency@gmail.com
info@ykmanpower.com, Web.: www.ykmanpower.com

**साउदीमा रोजगार |** १. कम्पनी : MOFARREH MARZOUQ AL HARBI AND PARTNERS CO. LTD .
शहर : Saudi Arabia
पुर्व स्वीकृत मितिः २०७९/०६/०१ चलानी नं.: ६०१८७८५४ LT. No.: 272142 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Iron Concrete Reinforcing Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pan Road Machinery Driver | 10 | 0 | | 2500 | ८७,४७५ | | | | | | | |
| 3. | Truck Driver | 15 | 0 | | 1800 | ६२,९८२ | | | | | | | |

२. कम्पनी : Al ENJAZ Trading and Contracting Company शहर : SAUDI
पुर्व स्वीकृत मितिः २०७८/१२/२३ चलानी नं.: ६०१७७३७२ LT. No.: 261178 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Buldozer Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८७,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drenched Driver | 3 | 0 | | 2500 | ८७,४७५ | | | | | | | |
| 3. | Factor | 14 | 0 | | 1000 | ३४,९९० | | | | | | | |
| 4. | Levelling Mechanism Driver | 1 | 0 | | 2500 | ८७,४७५ | | | | | | | |
| 5. | Scraper Driver | 5 | 0 | | 2500 | ८७,४७५ | | | | | | | |
| 6. | Truck Driver | 1 | 0 | | 1800 | ६२,९८२ | | | | | | | |

३. कम्पनी : MOFARREH ALHARBI AND PARTNERS शहर : Saudi
पुर्व स्वीकृत मितिः २०७८/०८/२८ चलानी नं.: ६०१७०४८१ LT. No.: 252888 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 12 | 0 | स. काममा दक्ष | 1800 | ६२,९८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : Mofarreh Marzouq Al-Harbi & Partners Co. Ltd. शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०८/२६ चलानी नं.: ६०१७०२४७ LT. No.: 252889 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | All Road Drivers | 20 | 0 | स. काममा दक्ष | 2500 | ८७,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक ८ गते (25 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १, ४ को रु. १०,०००/- अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Work Force Services Pvt. Ltd.**
श्रम ईजाजत पत्र नं. १७२/०५६/५७
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

**ROMANIA मा रोजगार |** १. कम्पनी : EUROASIA WORK FORCE SRL
शहर : BUCHAREST
पूर्व स्वीकृत मितिः २०७९/०२/३१ चलानी नं.: ६०१८०९६५ LT. No.: 264853 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housemaid | 0 | 5 | सम्बन्धित काममा दक्ष | 600 | ७४,५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Nanny | 0 | 5 | | 650 | ८०,७५६ | | | | | | | |
| 3. | General Worker | 40 | 10 | | 550 | ६८,३३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक ८ गते (25 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | कामदार आफैले | कामदार आफैले | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रोमानियाको रु. ४०,०००/- मलेसियाको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**जुम इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ८८५/०६७/०६८
बसुन्धारा, काठमाडौं, फोन: ४०१६६४३, ४०१६६४५, ९८०४२४६८९६,
E-mail: zoom.international855@gmail.com

**प्रदेश सरकार**
**जलश्रोत तथा उर्जा विकास मन्त्रालय**
**खानेपानी सिंचाइ तथा उर्जा विकास कार्यालय,**
**सल्यान**
**प्रकाशित मिति : २०७९/०७/०१**

प्रस्तुत विषयमा यस कार्यालयमा रहेको तपशिल वमोजिमका धरौटी रकम लामो समय सम्म पनि फिर्ता लिन नआएकाले रकम फिर्ता लिन आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र फिर्ता लिन नआएमा उक्त रकम राजश्व खातामा जम्मा हुने व्यहोरा यसै सूचना वाट जानकारी गराइन्छ ।

| सि.न. | आ.व. | फर्म समितिको नाम | रकम |
|---|---|---|---|
| १ | ६१.६२ | काभ्रा सिचाइ योजना | २२५०.०० |
| २ | ६०.६१ | वाघचौर सिचाइ योजना | १२५०.०० |
| ३ | ६१.६२ | पाटी सिचाइ योजना | ५००.०० |
| ४ | ६१.६२ | सुइकोट सिचाइ योजना | ५०००.०० |
| ५ | ६४.६५ | टाट्के सिचाइ योजना | १०५००.०० |
| ६ | ६१.६२ | कुइरेदह सिचाइ योजना | ७००.०० |
| ७ | ६३.६४ | कालढार सिचाइ योजना | ३९२५.०० |
| ८ | ६१.६२ | चाका ज्यूला सिचाइ योजना | ५००.०० |
| ९ | ६१.६२ | मैपाले सिचाइ योजना | ५००.०० |
| १० | ६१.६२ | थाङने खोला सिचाइ योजना | २५००.०० |
| ११ | ६१.६२ | माझकाँडा सिचाइ योजना | १५००.०० |
| १२ | ६१.६२ | फलावाङ सिचाइ योजना | ५५०.०० |
| १३ | ६१.६२ | टाट्के सिचाइ योजना | १५५०.०० |
| १४ | ६१.६२ | जैसी टाकुरा सिचाइ योजना | ५००.०० |
| १५ | ६१.६२ | टाटाटार सिचाइ योजना | १५३७.३३ |
| १६ | ६१.६२ | खरिटार सिचाइ योजना | ५५०.०० |
| १७ | ६१.६२ | पाखापानी सिचाइ योजना | ६००.०० |
| १८ | ६१.६२ | ठूला ज्युला सिचाइ योजना | २९५००.०० |
| १९ | ६१.६२ | गोठीखोला सिचाइ योजना | ३२५.०० |
| २० | ६१.६२ | पटारे सिचाइ योजना | २१९२.६१ |
| २१ | ६१.६२ | माझकुलो सिचाइ योजना | १५९२.९१ |
| २२ | ६१.६२ | सालघारी सिचाइ योजना | ८५०.२४ |
| २३ | ६१.६२ | लिसे खोला सिचाइ योजना | ५००.०० |
| २४ | ६१.६२ | सिमल ज्यूला सिचाइ योजना | ३०००.०० |
| २५ | ६१.६२ | घट्टे खोला सिचाइ योजना | २३४३.५६ |
| २६ | ६१.६२ | कैले ज्यूला सिचाइ योजना | १५५३.९८ |
| २७ | ६१.६२ | लामीतारा सिचाइ योजना | २५०.०० |
| २८ | ६१.६२ | रातामाटा सिचाइ योजना | १००.०० |
| २९ | ६१.६२ | लोटाउने सिमल गैरा सि.यो. | ६००.०० |
| ३० | ६१.६२ | वुरेली सिचाइ योजना कोटमौला | ७५०.०० |
| ३१ | ६१.६२ | घारी कुलो सिचाइ योजना | ८५४.१३ |
| ३२ | ६१.६२ | रामपुर शारदा ज.उ.स. | ७२६८.९१ |
| ३३ | | नाम नामेसी नखुलेको | ६६३९.५९ |
| ३४ | ६१.६२ | अमिल टारी सिचाइ योजना | १५३५.०० |
| ३५ | ६१.६२ | तलीमुल सिचाइ योजना | ९६०.०० |
| ३६ | ६१.६२ | सुगुर पोले सिचाइ योजना | ५०५.०० |
| ३७ | ६१.६२ | डिमुरे खैरेनी सिचाइ योजना | १०००.०० |
| ३८ | ६१.६२ | ताउले रह जल उ.स. | ८०५.०० |
| ३९ | ६१.६२ | माल्टी कुलो सिचाइ योजना | १२००.०० |
| ४० | ६१.६२ | वगर टाट्के कृषक कुलो सि.यो. | १८००.०० |
| ४१ | ६१.६२ | फर्लदा ज्युला सि.यो. | २६५.०० |
| ४२ | ६१.६२ | रेशम ज्यूला सिचाइ योजना | ५५८.०० |
| ४३ | ६१.६२ | वुरेली सिचाइ योजना छाँयाक्षेत्र | १०००.०० |
| ४४ | ६१.६२ | भुमीसरा ज्युला सि.यो. | १२५०.०० |
| ४५ | ६२.६३ | रुपाखानी निर्माण सेवा | ८३९०.३४ |
| ४६ | ६१.६२ | रारा सिचाइ योजना | २५००.०० |
| ४७ | ६६.६७ | ओम भूमी निर्माण सेवा | ६६०९.२८ |
| ४८ | ६१.६२ | तुल्सी निर्माण सेवा | ४२८६.५१ |
| ४९ | ६२.६३ | कनेरा मुल थोपा सि.यो. | २७०.०० |
| ५० | ६२.६३ | जय शिव ट्रेडर्स सप्लायर्स | २१९०.३७ |
| ५१ | ६२.६३ | एच.वि.के.कन्स्ट्रक्सन | ४३८६.७० |
| ५२ | ६७.६८ | पधेरी पलेसी सिचाइ योजना | ६७४५.५० |
| ५३ | ६४.६५ | वडागाउँ थापाचौर सिचाइ योजना | ८००.०० |
| ५४ | ६९.७० | तुल्सी निर्माण सेवा पिपलनेटा | २२०८३.०० |
| ५५ | ६५.६६ | भुमेश्वर ज्युला सिचाइ जल उ.स. | २८०००.०० |
| ५६ | ६५.६६ | रेशम ज्यूला सिचाइ ज.उ.स. | ८८०००.०० |
| ५७ | ६५.६६ | कुन्दिक सिचाइ योजना ज.उ.स. | ५७०.०० |
| ५८ | ६५.६६ | जोली पिपल निर्माण सेवा | ६५६२.३६ |
| ५९ | ६६.६७ | लोटाउने सिचाइ योजना | १२५३.०० |
| ६० | ६७.६८ | स्यालापानी सिचाइ योजना | १५००.०० |
| ६१ | ६७.६८ | खानीखेत तुषारे लाटीका चौर सि.यो. | १२५०.०० |
| ६२ | ६७.६८ | जीवन भूमी सिचाइ योजना | २७००.०० |
| ६३ | ६७.६८ | कजेरी सिचाइ योजना | १५००.०० |
| ६४ | ६७.६८ | स्याकु जिउला सिचाइ योजना | १२५०.०० |
| ६५ | ६७.६८ | धोवीधारा सिचाइ पोखरी निर्माण यो. | ५००.०० |
| ६६ | ६७.६८ | वगाजिउला सिचाइ योजना ज.उ.स. | १६९०.०० |
| ६७ | ६९.७० | लोकवीर एण्ड वेताली निर्माण सेवा | १४७४६५.०० |
| | | | ४४४११३.३२ |

# जसले फेरि फर्काइदिए वर्षौंदेखि लुकेको खुसी



**सागर भण्डारी/मध्यान्ह**
बाग्लुङ, ३१ असोज

बागलुङको निसिखोला गाउँपालिका वडा नं ६ भल्कोटका मन बहादुर वि.कले आफ्नो ६० वर्षे जीवनकालमा अधिकांश समय चुहिने घर मुनि बिताए । हिँउद त जसो तसो कट्थ्यो, तर बर्खा लागेपछि उनका कयैन रात अनिद्रै बिते। घरभित्रै बसेपनि आकाशबाट पानी परेपछि उनी खुल्ला आकाशमुनी बसेजस्तै हुन्थ्यो । उनले न चुहिने घर नै टाल्न सके न त पटक-पटक भत्किएको आफ्नो मन टाल्न नै ।

५ परिवारसहित बस्दै आएका उनी पानी परेपछि जहान सन्तानलाई एकै ठाउँ बटुलेर पानी पर्न रोकिए हुन्थ्यो भन्दै भगवानसगं मनमनै चित्कार गर्थे । शारीरिक रुपमा अशक्त उनी त्यतिबेला खुसी भए जब उनको प्वाल परेको काठको छानो हटाएर घरमा टिनको छानो पर्‍यो । उनलाई अहिले घाम लागोस् की पानी परोस् आनन्द छ। अहिले न उनको घर चुहिन्छ न त मन नै । 'पानी परेपछि कहिले मन सङ्लो पारेर बस्न पाईन् अहिले त खुसी छु' हाँस्दै उनले आफ्नो खुसी व्यक्त गरे ।

उनको मुहारमा लामो समय पछि फेरी मुस्कान फर्किएर आएको छ । यसरी उनको खुसी फर्काएर ल्याईदिने व्यक्ति हुन् लिल बहादुर थापा । बाँके जिल्ला स्थायी घर भई हाल सयुंक्त राज्य अमेरीकामा बस्ने थापाले नै उनको घरमा व्यक्तिगत सहयोगमा टिनको छानो हालिदिएका हुन् । हाल नेपाल फर्किएर निसिमै पुगेका थापालाई अगांलो हाल्दै उनले धन्यवाद मात्र दिएनन् फुल माला नै लगाईदिए । आफ्ना हर्श्राषु निकाले ।

सानै उमेरमा बिहे गरेकी सोही ठाउँकै सिमा विश्वकर्माका श्रीमान पनि कमाउलान भन्ने बेलामा विस्तारामा थलिए । दैनिक मजदुरी गरेर भएपनि एक छोरा र श्रीमतीसहित परिवारको जिविका चलाएका श्रीमान थलिएपछि सिमा माथि बज्रपात पर्‍यो । काठले बारेको सानो छाप्रोमा कष्टकर जीवन बिताएकी सिमाले स्थानीय सरकारलाई पनि घरमा टिनको छानो हालिदिन हार गुहार गरिन् । तर सहयोग भने पाइनन् । अहिले सिमाको खुसी पनि फर्किएको छ । घर टिनले छाइन् । समाजसेवी लिल बहादुर थापाले नै उनको घरमा पनि टिनको छानो हालिदिए ।

मध्यपहाडी लोकमार्गसगं जोडिएको भल्कोटको बाटो भएर करोडौंका गाडी चढेर मानिसहरु आवतजावत गर्छन् । दैनिक सयौं संख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरु त्यही बाटो भएर रुकुम घुम्न र मनोरञ्जन लिन पुग्छन् । तर कसैले उनीहरुको अवस्था बारे न त बुझ्ने कोशिस गर्छन् न त सहयोग नै । तिनै चिल्ला गाडी र चिल्ला मान्छे हुँईकिने ठाउँका भल्कोटेहरुको जीवनस्तर भने भुँईमान्छेको जस्तो छ । ती भुँईमान्छेका भुँईकथा र दुःख व्यथा भने कसैले देख्दैन् । उनीहरुका दुःख र कथा व्यथामा मल्हम लगाउन कोशौं टाढाबाट बरु उनै थापा टुप्लुक्क आइपुगे ।

उमेरले ७० पुग्न लागेका भल्कोटका खड्क बहादुर विश्वकर्मा श्रीमती हस्तमला सहित जगंल छेउमा बस्छन् । टुक्रुक्क सानो झुपडीमा यी बुढाबुढीलाई बिहान बेलुका चुल्होमा के बाल्ने भन्ने चिन्ता छ । तन्नेरीमा निमेक गरेर परिवार चलाएका खड्कलाई बुढेसकालले छोएपछि न परिवार पाल्ने प्रशस्त अन्न छ न गरिखाने खेतबारी नै । गहभरी आँसु निकाल्दै उनले भने, 'खान पुग्दैन्,बुढो भनेर कसैले काम दिँदैनन्, कहिलेकाही यत्तिकै थाल चाटेर बस्नुपर्छ ।' उनीहरुको कथा व्यथा समेटेर पत्रकार दिपक नेपालीले जिटिभि नेपालमार्फत कार्यक्रम संघर्षका कथामा कार्यक्रम प्रशारण गरेपछि अहिले उनीहरुका खुसीका दिन फर्किएका छन् । खड्क दम्पतीको चुल्हो बाल्न उनै समाजसेवी थापा टुप्लुक्क आईपुगेका छन् । थापाले थुप्रै पटक यो परिवारलाई खाद्यान्न सहयोग गरेका छन् । अहिले भने उनी खुसी देखिन्छन् ।

यी केही उदाहरण मात्रै हुन् उक्त गाउँका दर्जनौं विपन्न र दुखी गरिब र असहायहरुलाई लिल बहादुर थापाले सहयोग गरेका छन् । थुप्रैको अनुहारमा खुसी छाएको छ । थुप्रै आर्थिक अभावमा उपचार नपाएकाहरुले अस्पताल देख्न पाएका छन् । उनीहरुका लागि पुर्नजन्म जस्तै भएको छ ।

### विपन्न ८ परिवारलाई खाद्यान्न सहयोग

समाजसेवी थापाले उक्त वडा भित्र रहेका ८ परिवारलाई खाद्यान्न तथा लत्ताकपडा सहयोग गरेका छन् । थापाले जिटिभि नेपाल अनलाईनबाट भिडियो सामाग्री प्रशारण भएपश्चात उनीहरुलाई सहयोग गरेका हुन् । आफै उक्त ठाउँमा पुगेर थापाले चामल, नुन, तेल, मसला तथा लत्ता कपडा लगायत झण्डै १ लाख बराबरको सामग्री हस्तान्तरण गरेका हुन् ।

नजिकिँदै गरेको नेपालीहरुको दोस्रो ठूलो चाड तिहारमा खुसी बोकेर थापा पुगे । हुने खानेहरुलाई चाड मनाउने पिरलो रहन्न, बरु चाडवाडको दिनमा पनि के खाने भनेर पिरोलीएकाहरुलाई थापाले तिहार कोशेली बोकेर गाउँगाउँमा पुगे ।

सहयोग हस्तान्तरण गर्दै थापाले आफुले युट्युबमा यहाँका नागरिकहरुको जीवनस्तर देख्दा पटक-पटक पिरोलिरहने बताए । चाडवाडमा थोरै भएपनि यी परिवारलाई सहयोग होस् भन्ने हेतुले आफुले सहयोग सामग्री दिएको भन्दै थापाले आगामी दिनमा पनि यस्तै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

स्थानीय देविराम विश्वकर्माले भौगोलिक रुपमा पछिल्लो समय केही सुगम भएपनि नागरिकको अवस्था भने ज्यू का त्यू रहेको बेला विदेशमा १९ घण्टा काम गरेर दुर दराजका गरिबहरुलाई सहयोग गरेको भन्दै लिल बहादुर थापा प्रति धन्यवाद व्यक्त गरे । उनले आफ्नो जस्तो विकट क्षेत्रका नागरिकका लागि कोही सहयोग गर्ने व्यक्ति आउला भनेर कल्पना पनि नगरेको बताए ।

त्यस्तै विमला पटेलले नेपालमा थुप्रै सघंसंस्थाहरुले सहयोग गर्ने गरेको सुनेपनि यसरी व्यक्तिगत रुपमा परदेशमा कमाएको पैसा नेपालका दिन दुःखीहरुलाई सहयोग गरेको भने आफुले पहिलो पटक थाहा पाएको बताइन् । समाजसेवी थापाले देशमा विभिन्न ठाउँका नागरिकहरुको उद्धार गरेको भन्दै उनले राज्यको नजर नपुगेको ठाउँमा पुगेर उनीहरुको अवस्था चित्रण गर्ने पत्रकार दिपक नेपालीप्रति पनि धन्यवाद व्यक्त गरिन् ।

# जोशीको शोकमा आज सार्वजनिक बिदा

**काठमाडौं/मस–** सरकारले शताब्दी पुरुष सत्यमोहन जोशीको निधनको शोकमा मंगलबार सार्वजनिक बिदा दिने भएको छ । गृह मन्त्रालयले जारी गरेको विज्ञप्तिमा आज देशभर सार्वजनिक बिदा दिने निर्णय भएको जनाएको छ ।

'शताब्दी पुरुष जोशीको निधनले शोकमा देशभरका सरकारी कार्यालय, सार्वजनिक संघसंस्था र विदेशस्थित कूटनीतिक नियोगमा राष्ट्रिय झण्डा झुकाउने निर्णय भएको छ', मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ । शताब्दी पुरुष जोशीको एक सय तीन वर्षको उमेरमा आइतबार बिहान निधन भएको थियो ।

# कर्णालीको हवाई समस्या समाधान गर्न ध्यानाकर्षण

**जुम्ला/मस–** कर्णालीमा बाढी–पहिरोपछिको बिपद्ले ठूलो बिपत्ति ल्याएको छ। कर्णाली राजमार्गसमेत अवरुद्ध भएको छ। यो समयमा झनै जहाजको उडान नियमति नभएपछि जुम्लासमेत आक्रान्त भएको छ ।

विमानस्थलमा एक सातादेखि भीडभाड बढेको छ । टिकटका लागि स्थानीय प्रशासन घेराउदेखि विभिन्न आन्दोलनसमेत भइरहेका छन् । तर जहाजको उडान कम हुँदा सकस भइरहेको छ । नेपाल एयरलाइन्सले उडान तालिका घटाएको बताइएको छ तर तालिकाअनुसार एक हप्तामा जहाज नआँउदा समस्या भएको हो । यस अवसरमा कर्णालीवासीले पूर्वमन्त्री नरेश भण्डारीसहितको टोली पर्यटन मन्त्रालयमा पुगेर ध्यानाकर्षण गराएको छ ।

पूर्वमन्त्री भण्डारी, अर्थमन्त्रालयका जनसम्पर्क सल्लाहकार मनऋषि धितालसहितको टोलीले पर्यटनमन्त्रीलाई औपचारिकपत्रसहित भेटघाट गरेको हो । ध्यानाकर्षणपत्रमा भनिएको छ, 'विगत केही दिनदेखिको अविरल वर्षाका कारण जुम्ला, कालिकोट, मुगु, हुम्लालगायतका कर्णाली प्रदेशका विभिन्न जिल्लामा




मानवीय, बालीनाली, कृषियोग्य जमिन, पशुवस्तु तथा भौतिक संरचना (सडक, पुल, सिँचाइ, तटबन्ध, जलविद्युत्, खानेपानी, टेलिफोन टावर)हरूमा ठूलो क्षति भई जनजीवन कष्टकर भएको छ ।'

चार जिल्लाका विपद् प्रभावित स्थानीय तहका भौगोलिक क्षेत्रलाई नेपाल सरकारले विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको संवेदनशील परिस्थितिमा हवाई सेवा प्रदायक कम्पनी संवेदनहीन देखिएको पत्रमा भनिएको छ । 'एकातिर सडक यातायात अवरुद्ध छ भने अर्कातिर निजी क्षेत्रका हवाई सेवा प्रदायक कम्पनीले कर्णालीका उडान कटौती गरी डलरका लागि अन्यत्र उडान भरिरहेको अवस्था छ', पत्रमा भनिएको छ, 'यसका साथै नेपाल वायुसेवा निगमबाट पनि उडान सञ्चालन नगरिएको अवस्था छ । कर्णालीमा भइरहेका सीमित उडानमा पनि चरम अपारदर्शिता देखिन्छ । उडानमा महँगो भाडादर असुलिरहेको अवस्था छ । विद्यार्थी, बिरामी र अन्य यात्रु विमानस्थलमा अलपत्रको अवस्थामा छन् ।'

माथिल्लो कर्णालीले करिब अघोषित नाकाबन्दीको अवस्था भोगिरहेको भन्दै ध्यानाकर्षणपत्रमा निजी वायुसेवा कम्पनीसँग समन्वय गरी तत्काल उडान संख्या वृद्धि गर्न र नेपाल एयरलाइन्सका टवीनअटर जहाजको संख्या थप गरेर दीर्घकालीन समाधान खोज्न अनुरोध गरिएको छ ।

कर्णालीको टिमलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले कर्णालीमा निजी एयरलाइन्स कर्णालीमा बढाउन पहल गरिने तथा नेपाल एयरलाइन्सको जहाज थपिने प्रतिबद्धता जनाएका थिए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०७/०१**
यस कार्यालयमा मिति २०७४/०४/११ मा दर्ता भएको **प्रा.लि.नं. १७१७३१** को **नाईट भ्यू डान्स रेष्टुरेन्ट एण्ड लाउन्ज बार प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०६/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०७/०१**
यस कार्यालयमा मिति २०७३/०५/२० मा दर्ता भएको **प्रा.लि.नं. १५५२८३** को **टेलि वन टिभी एण्ड अनलाइन सपिङ प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०६/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रदेश सरकार**
**सुदुरपश्चिम प्रदेश**
**भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**मत्स्य विकास केन्द्र**
**गेटा, कैलाली**
**बोलपत्रको आशय पत्र सम्बन्धि सूचना**
**प्रकाशित मिति २०७९/०७/०१**
यस मत्स्य विकास केन्द्र गेटा कैलालीको आ. व. २०७९/०८० अन्तर्गत तपसिल बमोजिमको खरिद कार्यका लागि मिति २०७९/०५/१५ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
**तपसिल**

| ठेक्का नं. | कामको विवरण | फर्म/कम्पनी | कबोल रकम |
|---|---|---|---|
| FDC/G/NCB/2079/080/01 | Procurement, Supply And Delivery of Readymade Fish Feed and Raw Materials for Broodstock Management and Fish Seed Production | ए टु जेड पोल्ट्री गुड्स सप्लायर्स धनगढी -०४, कैलाली | रु.५८,६०,६३०।०० मु.अ.क. बाहेक |

**केन्द्र प्रमुख**

**VACANCY**
One of the reputed company is seeking for following applicants.
● Receptionist : 1 Female
Requirement:
Experience: Basic Computer Knowledge & Salary: Negotiable ing experience in related field
● Documentation : 1 Male/Female
Requirement:
Experience: Basic Computer Knowledge & minimum 3 years working experience in related post
● Accountant : 1 Male/Female
Requirement:
Education level bachelor passed.
● PRO : 1 Male/Female
Requirement: Experience in related post
We do fair and transparent screening . Candidates we are eligible with the above qualities can drop their CV at radiant.overseasktm@gmail.com
**RADIANT OVERSEAS P. LTD.**
Tinkune-32, Kathmandu
Tel: 01-4111270, 9851052287

**मध्यपश्चिम विश्वविद्यालय, वीरेन्द्रनगर, सुर्खेतको**
**काठदाउरा लिलाम विक्री सम्बन्धी सूचना**
**प्रथम पटक सूचना प्रकाशन मिति २०७९/०७/०१**
यस मध्यपश्चिम विश्वविद्यालय केन्द्रीय प्रसाशनिक भवन परिसर कुइनेपानी सुर्खेत भित्रका रुखहरुको नियमानुसार कटान, मुछान भई सम्बन्धित कार्यालय परिसरभित्र घाटगद्दी गरी राखिएको विभिन्न प्रजातिका १५७२.८४ क्यू.फिट काठ र ३.७६ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकाले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति/फर्म/संस्था तथा काठ व्यवसायीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र मध्यपश्चिम विश्वविद्यालय सुर्खेतमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि मध्यपश्चिम विश्वविद्यालय केन्द्रीय कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । साथै विश्वविद्यालयको वेभसाइट www.mu.edu.np मा समेत हेर्न सकिनेछ ।
मध्यपश्चिम विश्वविद्यालय केन्द्रीय कार्यालय
**सुर्खेत, नेपाल । सम्पर्क फोन नं.: ०८३-५२४६८१**

**मलेसियामा रोजगारको अवसर** | कम्पनीः ACME FOCUS SDN BHD
शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०६/३१ चलानी नं.: ६०१८९६५३ L.T. No.: 273240

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 0 | स. काममा दक्ष | 1500 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक ८ गते (25 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Santi Overseas Pvt. Ltd.**
Gov. Lic. No.: 1495/074/075
Mitranagar Buspark-26, Kathmandu, Nepal | Tel: 015910769, Mob. No.: 9801081597.
E-mail : overseassanti1495@gmail.com | www.SantiOverseas.com

**Mai Municipality**
**Office of The Municipal Executive**
**Sitali, Ilam**
**Province no. 1, Nepal**
**Invitation Of Bids For The Following Works**
**(First Date of Publication: 2079/07/01)**
Mai Municipality invites Electronic Bids for the Procurement of Following Works under National Competitive Bidding (NCB) and Sealed Quotation (SQ) Procedures. Bid document may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of Mai Municipality, Office of Municipal Executive, Sitali, Ilam ( maimun.gov.np ), may email on the email address (mainagarpalika@gmail.com), or may call on (9849079791/9852639111) at office time.

| S. N | Contract ID | Description of Works | Estimated Amount (Including V.A.T) | Bid Security Fee | Bid Document Fee | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | MM/NCB/WORKS/01/079/80 | Constrution of Laxmi Adarsha Ma. Bi. School Building. | 50,06,257.01 | 1,09,000.00 (120 Days) | 3000.00 | 2079/08/01 12:00 (Noon) | 2079/08/01 13:00 PM |
| 2 | MM/NCB/WORKS/02/079/80 | Constrution of Samaltar Samudayik Bhawan. | 41,22,102.18 | 90,000.00 (120 Days) | 3000.00 | 2079/08/01 12:00 (Noon) | 2079/08/01 13:00 PM |
| 3 | MM/NCB/WORKS/03/079/80 | Construction of Dhobi Khola Culvert. | 55,69,122.33 | 1,22,000.00 (120 Days) | 3000.00 | 2079/08/01 12:00 (Noon) | 2079/08/01 13:00 PM |
| 4 | MM/SQ/ WORKS / 01/079/80 | Upgrading Works of Different Roads of Mai Municipality-02. | 12,10,220.63 | 26,500.00 (75 Days) | 1000.00 | 2079/07/16 12:00 (Noon) | 2079/07/16 13:00 PM |
| 5 | MM/SQ/ WORKS / 02/079/80 | River Training Works of Sukhani Khola , Dhalapani and Thapa Kholsi in Mai Municipality-04. | 16,09,454.08 | 35,000.00 (75 Days) | 1000.00 | 2079/07/16 12:00 (Noon) | 2079/07/16 13:00 PM |

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१ कातिक २०७९, मंगलबार
18 October 2022, Tuesday

